# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।

☎: 067 – 411101, 067 – 411102
✉: info@paiyunmun.gov.np
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np


## एक विद्यालय एक करेसाबारी कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/१८

प्रस्तुत विषयमा पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि शाखा अन्तर्गत आ.व. ०८२/०८३ को तपसिल वार्षिक स्वीकृत कार्यक्रम संचालनका लागि मिति २०८२/०९/१४ गतेको कार्यपालिकाको बैठक बमोजिम श्री धर्मोदय मा.वि लाई निरन्तरता तथा थप एक विद्यालयका लागि गाउँपालिका भित्रका ईच्छुक माध्यमिक विद्यालयहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८२/१०/०२) भित्रमा निवेदन भरी देहाय अनुसारको कागजातहरू सहित पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि शाखामा आवेदन पेश गर्नहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु | मापदण्ड/कार्यविधि | कैफियत |
|---|---|---|---|---|
| १. | एक विद्यालय एक करेसाबारी कार्यक्रम | ३,००,०००।- | एक विद्यालय एक करेसाबारी कार्यक्रम संचालन कार्यविधि २०८० | |

आवश्यक कागजातहरुः

१. अनुसूची १ बमोजिमको ढाँचामा निवेदन र व्यवसायिक परियोजना सहितको कार्ययोजना।
२. प्र.अ/निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।
३. करेसाबारी कोष स्थापना तथा विद्यार्थी कृषि क्लब गठनको प्रतिलिपी।
४. कार्यक्रम संचालन हुने विद्यालयको जग्गा प्रमाणपुर्जाको प्रतिलिपी वा ५ वर्ष लिजमा लिएको करारनामा पत्रको प्रतिलिपी।
५. संचालन गरिने क्रियाकलापहरुको विवरण सहित विद्यालय संचालक समितिको प्रतिवद्धता निर्णयको प्रतिलिपि।
६. सम्बन्धित निकायमा नियमानुसार माध्यमिक विद्यालय संचालन गर्न अनुमति पाएको अनुमतिपत्रको प्रतिलिपि।
७. सम्बन्धित वडा कार्यालयको विद्यालय क्षेत्र र भौतिक पूर्वधार प्रमाणित सहितको सिफारिस पत्र।
८. कार्यक्रम निरन्तरताका लागि निवेदन, चालु आ.व मा संचालन गरिने क्रियाकलाप सहितको व्यवसायिक प्रस्तावना/कार्ययोजना तथा गत आ.व मा संचालन गरिएको कार्यक्रमहरुको भौतिक तथा आर्थिक प्रगति सहितको विस्तृत प्रगति प्रतिवेदन।

२०८२/०९/१८

जिवन गिरि

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री सूचना प्रविधि शाखा वेवसाईटमा अपलोड गरिदिनुहुन।

श्री वडा कार्यलय सबै सूचना पाटीमा सूचना टाँस गरी आफ्नो वडा भित्रका माध्यमिक विद्यालयहरुलाई जानकारी गरिदिनुहुन।

थप जानकारीका लागि (कृषि शाखा)

९८४०५३८४२२, ९८६९२११८९४, ९८६४१४९३९५

(पुनश्चः अनुसूची-१ बमोजिमको आवेदन फारम वडा कार्यलयमा उपलब्ध हुनेछ।)